आज मिति २०७८ साल माघ २७ गते भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भूपेन्द्र बहादुर चन्द ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**तपसिल :**

श्री भूपेन्द्र बहादुर चन्द नगर प्रमुख
श्री रेणु आचार्य, नगर उपप्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जित बहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री रुपसिं सुनार, का.वा. वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कंडेल, वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री मान बहादुर ठाडा, (सदस्य सचिव) नि.प्रमुख प्रशासकीय अधिकृत

**सहयोगीहरु**

श्री रेशम बहादुर पुन (वडा नं. ४ अध्यक्ष सहयोगी)
श्री सिता कुमारी खत्री, प्रशासकीय अधिकृत
श्री कुल बहादुर खड्का, नायब सुब्बा
श्री लक्ष्मन बि.क, एम.आई.एस.अपरेटर
श्री [illegible]
श्री वीर ब० [illegible]

**प्रस्ताव नं. १ : शिक्षक महासंघलाई रकम व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. १ :** नेपाल शिक्षक महासंघ भेरीगंगा सुर्खेतलाई रु.३० हजार रुपैया यस नगरपालिकाको बचत शीर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : अपांग मैत्री भवन निर्माण सम्बन्धमा ।**

**निर्णय नं. २ :** यस भेरीगंगा नगरपालिकाको वडा नं. ०९ मा अपांग मैत्री भवन निर्माणको लागि यस नगरपालिकाको भैपरी पुजीगत शीर्षकबाट रु.२,००,००० दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : रकम खण्डीकरण तथा संशोधन सम्बन्धमा ।**

**निर्णय नं. ३ :** यस भेरीगंगा नगरपालिकको हर्रे मनिरामकाँडा शिर्षकबाट आवि अवलपराजुल छत ढलान ५ लाख, वडा नं. १ को कालोचुली मनिरामकाँडा सडक निर्माण १५ लाख, वडा नं. ३ को आपसोती, कुटमिरे धानखोरिया लेखपराजुल सडक निर्माण रु १५ लाख, वडा नं. २ को लेखपराजुल विद्यालय देखि थमर्स साधने सडक निर्माण गरी १५ लाख रकम हुने गरी खण्डीकरण गर्न आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो । साथै उक्त क्षेत्र मध्यवर्ति क्षेत्रभएकोले उपभोक्ता समितिबाट संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : वडा विभाजन सम्बन्धमा ।**

**निर्णय नं. ४ :** यस भेरीगंगा नगरपालिकाको हालको वडा नं. ११ लाई विभाजन गर्ने सम्वन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

| क्र.स. | हालको वडा | विभाजन गरी कायम गर्ने वडा |
|---|---|---|
| १. | ११ | १) साविकको वडा नं. ४ को गोगपानीखोला हुँदै सादिखोला जाइने खोला पूर्व र भेरीगंगा नगरपालिका वडा नं. ९ को सिमा सम्म एउटा वडा बनाउने र उक्त खोलादेखि पश्चिमको हाल भेरीगंगा नगरपालिकाको वडा नं. १३ को सिमासम्म अर्को वडा गरी २ वटा वडा बनाउने. |

**प्रस्ताव नं. ५ : हरित पार्कको रकम सम्बन्धमा ।**

**निर्णय नं. ५ :** यस भेरीगंगा नगरपालिका वडा नं. १२ मा निर्माण भएको हरित पार्कको भुक्तानी हुन बाँकी रकम यस नगरपालिकाको शहरी खानेपानी शीर्षकबाट भुक्तानी दिन आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : नगर सभा सम्बन्धमा ।**

**निर्णय नं. ६ :** यस भेरीगंगा नगरपालिकाको दशौं नगर सभा मिति २०७८ फाल्गुन १० गतेको बिहान ११:०० बजे गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : मानव सेवा आश्रमलाई सहयोग सम्बन्धमा ।**

**निर्णय नं. ७ :** मानव सेवा आश्रम सुर्खेतलाई बचत शीर्षकबाट रु ४० हजार रुपैया सहयोग गर्न आगामी नगरभासमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : आर्थिक सहयोग सम्बन्धमा ।**

**निर्णय नं. ८ :** यस भेरीगंगा नगरपालिका वडा नं. १२ निवासी गंगामाला शाहीको आर्थिक अवस्था कमजोर भएको कारण पठनपाठन समस्या भएको हुँदा आगामी असारसम्मको लागि रु. २० हजार यस नगरपालिकाको बचत शीर्षकबाट आर्थिक सहयोग गर्न आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. ९ : अपांग मैत्री शौचालय सम्बन्धमा ।**
निर्णय नं. ९ : सिं.एम.सी. नेपाल बाट यस भेरीगंगा नगरपालिकालाई प्राप्त हुने रकम रु.६० हजार रकमबाट छिन्चु स्वास्थ्य चौकीमा अपांग मैत्री शौचालय निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : अनुगमन भत्ता सम्बन्धमा ।**
निर्णय नं. १० : यस भेरीगंगा नगरपालिकाको योजना तथा कार्यक्रमको अनुगमन गर्ने पदाधिकारी तथा कर्मचारीहरुको अनुगमन प्रतिवेदनको उपस्थितिको आधारमा अनुगमन तथा मूल्यांकन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : झोलुगें पुलको रकम भुक्तानी सम्बन्धमा ।**
निर्णय नं. ११ : जुनकीरी कन्टक्सनलाई भुक्तानी दिन दिन बाँकी रकम झो.पु. शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : रकम भुक्तानी सम्बन्धमा ।**
निर्णय नं. १२ : यसं भेरीगंगा नगरपालिकाको आ.व.२०७८।०७९ को योजनाहरुको अनुगमन तथा मूल्यांकन सम्बन्धमा रु. २,००,०००।- भन्दा मुनिका योजनाहरुको वडा समितिले अनुगमन गरी गरेको सिफारिसको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ : प्रशासनिक खर्च सम्बन्धमा ।**
निर्णय नं. १३ : यस भेरीगंगा नगरपालिकाको आ.व.२०७८।०७९ को प्रशासनिक खर्च नभई कार्यालयको दैनिक कार्य प्रभावित भएकोले बचत रकमबाट व्यवस्थापन हुने गरी शिर्षक एकिन गरी अर्को कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ : खानेपानी कार्यालय सम्बन्धमा ।**
निर्णय नं. १४ : यस भेरीगंगा नगरपालिकाको छिन्चु खानेपानी कार्यालय रहेको भवन उक्त खानेपानी कार्यालयलाई नै प्रयोग गर्ने गरी जिम्मा दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १५ :स्वास्थ्य चौकी र एन.टि.भी टावर कर्मचारी सम्बन्धमा ।**
निर्णय नं. १५ : यस भेरीगंगा नगरपालिका वडा नं. ८ स्थित एन.टि.भी टावर (डुमकोट डाँडा) सुरक्षा गार्ड अन्तर्गत रु.६५,०००।- का दरले आ.व.२०७८।०७९ मा वडाबाट विनियोज रकमबाट श्री लाल बहादुर खत्रीलाई २०७८ पौष देखि २०७९ असार मसान्तसम्म एकमुष्ट रकम व्यवस्था गरेको र स्वास्थ्य चौकी मैनतडा सुरक्षा गार्डको लागि रु. ६५,०००। हजार आ.व.२०७८।०७९ मा वडाबाट रकम विनियोजन भएकोमा उक्त रकमबाट श्री शेर बहादुर पुनलाई २०७८ पौष देखि २०७९ असार मसान्तसम्म दैनिक कामकाजमा लगाउने र एकमुष्ट रकम भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ : रकम सम्बन्धमा ।**
निर्णय नं. १६ : यस भेरीगंगा नगरपालिका वडा नं. ११ रामघाट सडक मर्मत अन्तर्गत Tack Code गर्नका लागि रु. १ लाख यस नगरपालिकाका भैपरी पुजींगत शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १७ : भुक्तानी सम्बन्धमा ।**
निर्णय नं. १७ : आ.व. २०७८।०७९ मा उपभोक्ता समिति वा ठेक्काबाट संचालन भएका योजना तथा कार्यक्रमको भुक्तानी गर्दा सामान/सामग्री आपूर्ति गर्ने सप्लायर्सलाई नै पाउने रकम यकिन गरी वडाको सिफारिसका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. १८ : अध्ययन बिदा तथा मनोनयन सम्बन्धमा ।**

**निर्णय नं. १८ :** यस भेरीगंगा नगरपालिकामा सहयकस्तर पाचौ तहमा कार्यरत श्रीप्रसाद जैसी (क.सं. नं.२१९३११) ले कार्यरत कार्यालयबाट २०७८।१०।०४ गते पूर्व स्वीकृती लिई मध्यपश्चिम विश्वविद्यालय कृषि तथा वन विज्ञान संकायले संचालन गरेको स्नातक तह (B.Sc.Ag) को प्रवेश परीक्षामा सहभागी भई उक्त विश्वविद्यालयको २०७८।१०।२५ को सूचना अनुसार प्रवेश परीक्षामा सफल भएको जानकारी प्राप्त भएकोले निजलाई उक्त अध्ययनका लागि मनोनयन गरी निजामती सेवा नियमावली २०५० बमोजिम तलबी अध्ययन बिदा स्वीकृतीका लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १९ : कृषि शाखाको कार्यक्रम संचालन सम्बन्धमा ।**

**निर्णय नं. १९ :** आ.व. २०७७।०७८ मा स्थापना भएका कृषि तर्फका साना व्यावसायिक कृषि उत्पादन केन्द्र आधुनिकीकरण परियोजना (PMAMP) बाट रु.१२,००,०००।- (बाह्र लाख) बजेट प्राप्त भएकोमा अघिल्लो आ.व.मा विविध कारणले उक्त परियोजनाका कार्यक्रम संचालन हुन नसकेका कारण निरन्तरता दिनपर्ने कार्यक्रम नरहेकोले उक्त बजेटलाई परिचालन गरि तरकारी बालीको नयाँ कृषि उत्पादन केन्द्र ( पकेट) विकास कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २० : उपप्रमुख स्वरोजगार कार्यक्रम रकम बाडँफाडँ सम्बन्धमा ।**

**निर्णय नं. २० :** आ यस नगरपालिकाको उपप्रमुख स्वरोजगार कार्यकममा विनियोजित रकम ५२,००,००० बाहुन्न लाख मध्ये रकम तपसिल बमोजिम खर्च गर्ने निर्णय गरीयो ।

तपसिल

१ उपप्रमुख स्वरोजगार कोष, रु ५२,००,०००।

२ उद्योग अनुदान कोष छ जनालाई, रु १०,००,०००

३ वाखा वोका खरीद ४ वटा वार्डमा रु २,८३,०००। का दरले जम्मा रु ११,३२,०००।

४ वार्ड नं. १० लाई बंगुरका पाठापाठी खरीद रु.. २,८४,०००।

५ चारा मेसिन वितरण ३० पिस...................... ४,००,०००।

६ आल्मुनियम क्यान वितरण ४० लि को १० वटा १,००,०००।

७ आल्मुनियम क्यान वितरण २० लि को १५ वटा १,१४,०००।

८ आल्मुनियम क्यान वितरण ७ लि को ५० वटा १,००,०००।

९ ब्यूटी पार्लर तालिम ३ महिने ३० जना रु. १०,००,०००।

१० गाई भैसि पालनतालिम ३ दिने २५ जना रु.१,५०,०००।

११ बंगुर पालन तालिम ३ दिने २५ जना रु. १,००,०००।

१२ ढाकाको व्याग पर्स बनाउने तालिम १ महिने १२ जना रु. ३,२०,०००।

१३ विविध खर्च, अनुगमन र बैठक) ........... ५,००,०००

जम्मा रु. ५२,००,०००।

Scanned with CamScanner